सहयोगी कर्मचारी श्री ओम प्रकाश पाण्डे ना.सु. शिनपा

मिति २०७८/१०/२० को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. नगरसभाको तयारी सम्बन्धमा ।

२. राप्ती नदी राप्ती बगर गढवा गा.पा. सिमाना नदिजन्य पदार्थ उत्खनन स्थान परिवर्तन सम्बन्धमा ।

३. प्रदेशबाट माग भएबमोजिम तालिम संचालन सम्बन्धमा ।

४. आगलागी भएका घरपरिवारलाई राहत सम्बन्धमा ।

५. नवपर्वद्धक तर्फ कार्यक्रम माग गर्ने सम्बन्धमा ।

६. बाटो निर्माण सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८ साल माघ २१ र २२ गते हुने १० औं नगरसभाबाट यस नगरको लागि विभिन्न क्षेत्रबाट सहयोग गर्नु हुने महानुभाव, जग्गा दाता, उपभोक्ता समिति, निर्माण व्यवसायी, कलाकार, कर्मचरी, सहकारी लगायतको मुल्याङ्कन गरी सम्मान गर्ने प्रयोजनका लागि सिफारिस गर्न गठन भएको समितिले पेश गरेबमोजिम निम्न अनुसार नगरसभाबाट सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने राप्ती नदी राप्ती बगर गढवा गा.पा. सिमाना क्षेत्रको नदिजन्य पदार्थ उत्खनन, संकलन र विक्री गर्ने कार्यको लागि गत आ.व.मा भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा चालु आ.मा उत्खनन, संकलन र विक्री गर्ने कार्यका लागि पुनः विज्ञ सहितको प्राविधिक समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदन, जिल्ला अनुगमन समिति र राष्ट्रपति चुरे तराई विकास संरक्षण समितिले अनुगमन गरी दिएको प्रतिवेदन समेतका आधारमा सूचना प्रकाशन भई ठेक्का व्यवस्थापन भएकोमा पछी आएको वर्षादका कारणले तोकिएको क्षेत्रको नदिजन्य पदार्थ वगाइ केही उक्त क्षेत्रमा नदिजन्य पदार्थ उल्लेखित परिमाणमा नरहेकोले केही स्थान परिवर्तन गरी हालको डिपोजिट अवस्थालाई हेरी सामान्य तल माथि दाया बाँया उपयुक्त स्थानबाट उत्खनन्, संकलन र विक्री गर्न अनुमती दिने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा महिला तथा बालवालिका मन्त्रालय र श्रम तथा रोजगार विभाग बाट माग भए बमोजिम एक/एक वटा निशुल्क र एक/एक वटा २० प्रतिशत न.पा. ले व्यहोर्ने गरी संचालनको लागि निम्न बमोजिम माग गर्ने ।

तपशिल

**<u>महिला तथा बालवालिका मन्त्रालय मार्फत कार्यान्वयन गर्ने ।</u>**

(क) कम्प्यूटर सम्बन्धि ३ महिने २० जनालाई तालिम ठाडामा २० प्रतिशत नगरपालिकाको सहभागितामा ।

(ख) सिलाइ कटाई तालिम ३ महिने शिनपा ४ मा शिनपा ४ र १२ का २० जना लाई निःशुल्क (मन्त्रालयबाट)

श्रम तथा रोजगार तथा यातायात व्यवस्था मन्त्रालय मार्फत कार्यान्वयन गर्ने ।

(क) व्यूटिसियन तालिम ३ महिने २० जनालाई शिनपा ८ को लोहीपेमा नि:शुल्क (मन्त्रालयबाट)

(ख) प्लम्बिङ्ग सम्बन्धि ३ महिने २० जनालाई तालिम ठाडामा २० प्रतिशत नगरपालिकाको सहभागितामा ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७४ साल देखि यता घर आगजनी भएको प्रहरी मुचुल्का संलग्न रहेको तर कही कतैबाट राहत सहयोग नपाएकोलाई नगरपालिकाले उपलब्ध गराउने जस्तापाता बरावरको रकम रु ४० हजार उपलब्ध गराउने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश सरकारबाट स्थानीय तहको सुशासन, सेवा प्रवाह, आर्थिक विकास लगायतका कार्यको लागि लागत सहभागितामा कायकम संचालन गर्न प्रस्ताव आव्हान गरेकोमा नगरपालिकाले व्यहोर्ने रकम चालु आ.व. तथा आगामी आ.व.बाट व्यहोर्ने गरी सेवा प्रवाह र आर्थिक विकास सँग सम्बन्धित विषयमा प्रस्ताव तयार गरी माग गर्ने ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शिनपा २ गलगाडे देखि गुम्बा हुदै मानसागर जाने बाटो निर्माण गर्न विभिन्न संघ/संस्था लगायतका निकायमा अनुरोध गर्ने ।

आजको बैंठक सर्वसम्मत रुपमा निर्णय गर्दै सम्पन्न भयो ।

सहयोगी कर्मचारी श्री ओम प्रकाश पाण्डे ना.सु. शिनपा

मिति २०७८/१०/१४ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. नगरसभाको तयारी सम्बन्धमा ।

२. योजना संसोधन सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगारका योजना सम्बन्धमा ।

४. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

५. सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।

६. सहयोग सम्बन्धमा ।

७. वडा नं ७ को सहकारी भवन निर्माणको जग्गा सम्बन्धमा ।

८. वजेट विनियोजन सम्बन्धमा ।

९. म्याचिङ्गमा रकम माग गर्नें सम्बन्धमा ।

१०. स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा ।

११. सार्वजनिक शौचालय व्यवस्थापन सम्बन्धमा ।

१२. औधोगिक ग्राम निर्माणको लागि पुनः माग गर्ने सम्बन्धमा ।

१३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८ साल माघ २१ र २२ गते हुने १० औं नगरसभाबाट यस नगरको लागि विभिन्न क्षेत्रबाट सहयोग गर्नु हुने महानुभाव, जग्गा दाता, उपभोक्ता समिति, निर्माण व्यवसायी, खेलाडी, कलाकार, कर्मचरी, शिक्षक, सहकारी लगायतको मुल्याङ्कन गरी सम्मान गर्ने प्रयोजनका लागि मिति २०७८ साल माघ १८ गते भित्र सिफारिस गर्न निम्न बमोजिमको सिफारिस समिति गठन गर्ने ।

संयोजक नगर प्रमुख श्री सूर्य प्रसाद अधिकारी

सदस्य उप प्रमुख श्री टिकाराम रेश्मी मगर

सदस्य संयोजक सामाजिक विकास समिति श्री पवित्रा थापा

सदस्य वडा अध्यक्ष श्री बुद्धिकृष्ण पौडेल

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री झविन्द्र खनाल

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नवौं नगरसभा तथा कार्यपालिका बैंठकबाट विभिन्न योजना तथा कार्यकमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यकमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने ।

| नवौं नगरसभाबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम रु हजारमा | योजना/कार्यक्रमको नाम | रकम रु हजारमा | |
| ओखलढुङ्गा भन्जाङ्ग खा.पा.(न.पा) ७३/४ | १०० | गोठ खोर सुधार कार्यक्रम ४ | १०० | सं स.अ |
| भोडामारा प्रतिक्षालय निर्माण (न.पा) ७८/१२ | २०० | भेडामारा स्वास्थ्य भवन जाने मो.वा ४ | २०० | रा.संघ |
| भोडामारा प्रतिक्षालय निर्माण(वडा ४) ९३/२ | १०० | भेडामारा स्वास्थ्य भवन जाने मो.वा ४ | १०० | सं स.अ |
| गडी मन्दिर मो.वा. निर्माण (वडा ४) ९२/६ | २२५ | थामकोट सामुदायिक भवन ४ | ९० | सं स.अ |
| | | सोल्टी मार्ग निर्माण ४ | ७५ | सं स.अ |
| | | जोगिनीकोट कुवा मर्मत ४ | ६० | सं स.अ |
| बाल संजाल क्षमता विकास (न.पा) ६२/५ | ५०० | बाल उद्यय संरक्षण शिनपा ४ अमराई | ५०० | आन्तरिक |
| सहिद पार्क निर्माण शिनपा १० (सहिद तारा तेजको शालिक सहित) न.पा.-७८/५ | १००० | सहिद पार्क निर्माण शिनपा १० | १००० | आन्तरिक |
| ओडारपाटा सिंचाई योजना वडा तर्फ १४ | १०० | ओडारपाटा मो.वा. शिनपा १४ | १०० | सं स.अ |
| सुपा देउराली ऐलानीटोल मो.वा. स्तरोन्नती वडा तर्फ ८ | ५० | हात्तीढुङ्गा खा.पा. शिनपा ८ | ५० | सं स.अ |
| सत्यमहादेव गुफा सामाग्री खरिद (वडा) ९ | ५० | सत्यमहादेव गुफा निर्माण वडा ९ | ५० | सं स.अ |
| पाकुरी सुपादेउराली मन्दिर निर्माण सामाग्री खरिद (वडा तर्फ) ९ | १०० | पाकुरी सुपादेउरली मन्दिर निर्माण ९ | १०० | सं स.अ |
| रागाकाटे रिङ्गरोड मो.वा. सामाग्री खरिद वडा तर्फ ९ | १०० | रागाकाटे रिङ्गरोड मो.वा. निर्माण ९ | १०० | सं स.अ |
| विसमुरे सिंचाई कुलो बाध मर्मत सामाग्री खरिद वडा तर्फ ९ | ५० | विसमुरे सिंचाई कुलो बाध मर्मत ९ | ५० | सं स.अ |
| वगाले सिंचाई सामाग्री खरिद वडा तर्फ ९ | ५० | वगाले सिंचाई कुलो निर्माण वडा ९ | ५० | सं स.अ |
| सिस्ने सिंचाई सामाग्री खरिद वडा तर्फ ९ | ५० | सिस्ने सिंचाई योजना वडा ९ | ५० | सं स.अ |
| आकासे खा.पा. सामाग्री खरिद वडा तर्फ ९ | १०० | आकासे खा.पा. योजना वडा नं. ९ | १०० | सं स.अ |
| खारघाट खा.पा. सामाग्री खरिद वडा तर्फ ९ | ५० | खारघाट खा.पा. योजना वडा नं. ९ | ५० | सं स.अ |
| लामिदमार खा.पा. सामाग्री खरिद वडा तर्फ ९ | ५० | लामिदमार खा.पा. योजना वडा नं ९ | ५० | सं स.अ |
| सिद्धारा दसै मेला व्यवस्थापन वडा तर्फ ९ | ५० | मन्दिरडाडा सिस्ने मो.वा. वडा नं ९ | ५० | सं स.अ |
| सहिद पार्क निर्माण न.पा. तर्फ (वडा नं ९) | २०० | पाकुरी मा.वि. तारवार शिनपा ९ | २०० | रा.संघ |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

## निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार तथा युवा रोजगार कार्यकमबाट कार्यान्वयन गर्ने गरी योजना छनौट भएकोमा रकम विनियोजन नभएकोले रकम विनियोजन र योजनाहरु केही संसोधन तथा थपघट गर्नु पर्ने आएकोले निम्न बमोजिम गर्ने ।

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| | **प्रधानमन्त्री रोजगार तर्फ** | |
| १ | कुमारीमाई मन्दिर निर्माण फोर्सल वडा नं. ११ | ३४६२००।- |
| २ | कुमारीमाई मन्दिर निर्माण खयरभट्टी वडा नं. ११ | ३४६२००।- |
| ३ | सुपा देउराली मन्दिर निर्माण देउरालीडाँडा ढुङ्गेसेरा वडा नं. ११ | ३४६२००।- |
| ४ | बेलखोला बाल विकास भवन निर्माण वडा नं. ११ | २८८५००।- |
| ५ | जनमुखी विद्यालय देखि चिउरीदमार गाइघाट गोरेटो बाटो निर्माण वडा नं ११ | ३४६२००।- |
| ६ | दुम्सी विद्यालय भवन निर्माण वडा नं. ११ | २८८५००।- |
| ७ | चावेनेटा घैलेपाटा बोक्से गाइघाट सामकोट गो.वा. वडा नं. ११ | २८८५००।- |
| ८ | सिन्दुरेढुन्गा लामादिप खर्क गो.वा. निर्माण वडा नं. ११ | २८८५००।- |
| ९ | वतासे भुमिकास्थान न.पा. जोड्ने बाटो वडा नं. ५ | २६५०००।- |
| १० | चाक्ला जुकेना मो.वा. वडा नं. ५ | २६५०००।- |
| ११ | करापु करावेसी शिनपा १० जोड्ने बाटो शिनपा ५ | ३१८०००।- |
| १२ | भुमिकास्थान साझकारुख भुल्लाचौर तुसारे र झोलुङ्गेपुल पोखरी भुनपा १ जोडने बाटो वडा नं ५ | ३१८०००।- |
| १२ | धानखोला सिस्ने लामिदमार देखि बटुके रागाकाटे क्षेत्र मो.वा. स्तरोन्नती वडा नं. ९ | ८६५५००।- |
| १३ | सिद्धारा देखि लामाताल झोलुङ्गेपुल वसेनी सम्म, चिदिचौर देखि सिलिङ्ग खोला बेसारेडाडा लौरी कात्तिके आकासे छहरे र कानाचौर साखिने मो.वा. स्तरोन्नती वडा नं ९ | ९२३२०० |

## निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर जे. एन सप्लायर्सका राजन थापाले शितगंगा नगरपालिकाले नदीजन्य पदार्थ संकलन तथा विकी ठेक्का व्यवस्थापनको लागि गरिएको टेण्डरमा ठेक्का नं. ३४ जरिकुना क्षेत्रमा बोलपत्र बढावढ गराउदा नेपाल सरकारबाट फर्निचर बनाउने काठ खरिद गर्ने फमले टेण्डर दाखिला गरेकोले नेपाल सरकार, घरेलु उद्योग कार्यालयबाट नदीजन्य पदार्थ उत्खनन तथा विकी वितरणको अनुमति नपाएको फर्मको टेण्डर स्वतः बदर गर्नु हुन भनि निवेदन दिएको सन्दर्भमा छलफल भयो । नगरपालिकाले संकलन गर्ने आन्तरिक आय तथा राजश्वको लागि विशेष दक्षता भएको फर्म आवश्यक नपर्ने नियमानुसार मुअकर मा दर्ता भएको जुनसुकै फर्म व्यक्तिले समेत सो कार्य गर्न सक्ने भएकोले सूचना बमोजिम मुअकरमा दर्ता भएका बढी रकम कवोल गर्ने जुनसुकै कार्य गर्ने उदेश्यले दर्ता भएको फर्महरु भएतापनि स्वीकार गरी ठेक्का व्यवस्थापन गर्ने र आगामी दिनमा समेत सोही बमोजिम गर्ने साथै इविडबाट गर्दा उक्त कार्यमा बढी भागलिने त्यस्ता फर्महरुले

बोलपत्र पेश गर्न आइडी नलिने भई भाग लिन नपाउने भएकोले सकेसम्म बढी प्रतिस्प्रधी बनाउन हार्डकपी मार्फत गरेको कार्यलाई समर्थन गर्दै आगामी दिनमा सोही बमोजिम गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकामा सुरक्षित नागरिक आवास निर्माणको लागि नगरपालिकाका केही क्षेत्रका वस्तीहरुमा लामो समय देखि घरहरु निर्माण गरी बसोवास तथा जग्गा भोग चलन गर्दै आएका तर लालपुर्जा नभएकोमा लामो समय देखि घर बनाई बसोवास गरेका तर खरको छाना भएकोलाई लालपुर्जा नभएको भएतापनि भोगचलन विजुली प्रयोग वा मतदाता नामावलीमा भएको नाम समेतलाई आधार मानी सोही व्यहोरा उल्लेख गरी वडा कार्यालयले गरेको सिफासिर बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गरी घर निर्माण गर्न दिने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ६ निवासी खुमराज घिमिरेले शितगंगा नगरपालिकाको चिनारी हुने गरी गित तथा भिडियो छायाङ्कन समेत गरेकोले सो को रकम भुक्तानी दिनु हुन भनि रु १९३६००।- को विल संलग्न राखी माग गरेको सन्दर्भमा बैठकमा छलफल भयो । यस नगरपालिकाको शिर उच्च हुने गरी .गित निर्माण गरेकोले चालु आ.व.को संस्कृती संरक्षण शिर्षकमा रहेको रकमबाट रु १०००००।- सहयोग स्वरुप दिने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ७ को मगराकोट कृषि तथा पशु विकास महिला सहकारी संस्थाको भवन निर्माणको लागि वडा समितिबाट शिनपा ७ बाल कल्याण आधारभुत विद्यालयको उत्तरपट्टीको घुम्ती भन्दा माथि एल.टि.पोल देखि एच.टि पोलको विच भाग र पश्चिम दिशामा सुनिल वस्यालको आवादी तथा स्याला गाउँ जाने बाटोको २ मिटर गोरेटो बाटो छोडेर दक्षिण दिशामा गच्छे भालुवाङ्ग मो.वा. भन्दा माथि २ रोपनी क्षेत्रफल कायम गरिएको सार्वजनिक जग्गामा मगराकोट कृषि तथा पशु विकास सहकारी संस्था शिनपा ७ को भवन निर्माण गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कार्य गर्दा अधुरो रहेका तथा तत्काल गर्नु पर्ने निम्न कार्यको लागि चालु आ.व.को निम्न बजेटबाट रकम विनियोजन गरी कार्यान्वयन गर्ने ।

(क) व्याडमिन्टन कोर्ट निर्माण शिनपा ३ रु ८०००००।- (कन्टिन्जेन्सी बाट)

(ख) खोरमोर खोला झो.पु.संरक्षण तटवन्धन शिनपा १४ रु २०००००।- कन्जिन्जेन्शी बाट)

(ग) कर्मकाण्डी क्षमता विकास तालिम बढीमा १ महिने (रिफरेसर तालिम) तालिम शिर्षक बाट

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा जलुके स्वास्थ्य चौकीमा निर्माण भएको ट्रष्ट भवनमा प्रसुती केन्द्र संचालनका लागि आवश्यक पूर्वाधार विकास गर्न जलुके स्वास्थ्य चौकी प्रसुती केन्द्र पूर्वाधार विकासका लागि जिल्ला समन्वय समितिसँगको ५०/५० को लगानीमा गर्न रु २५००००।- माग गर्ने ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
नेपाल

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका नगरपालिकाको स्थानीय पाठ्यकम नभएकोले स्थानीय पाठ्यकम निर्माण गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ को फप्रेनी र अमराईमा रहेका शार्वजनिक शौचालयहरु प्रयोग विहिन भएको र कोही कसैले संचालन गर्न जिम्मा नलिई विग्रीने भत्कीने अवस्था भएकोले उक्त दुवै शौचालय भवनको साइड वा छतमा (बाटो/बन/अन्य संरचनालाई असर नगर्ने गरी) जग्गाको उपलब्धता हेरी बढिमा २० फिट लम्वाई र १५ फिट चौडाई भित्र आफै अस्थाई टहरो/टंकी बनाई बढीमा १० बर्ष सम्म प्रयोग गर्न सक्ने गरी १० वर्ष पछी आफ्नो संरचना आफै लैजाने र विजुली पानी आफै बुझाउने गरी पसल संचालन गर्ने साथै शौचालय सफाई गरी न्यूनतम शुल्क समेत उठाउने सो बापत नगरपालिकालाई प्रति महिना न्यूनतम रु ५०० दिने गरी बढावढको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा एक निर्वाचन क्षेत्र एक औधोगिक ग्राम निर्माण गर्ने नेपाल सरकारको नीति अनुरुप अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. १३ को थाप्ले वारी क्षेत्रको सार्वजनिक जग्गामा इन्टरफेस इन्जिनियरिङ्ग प्रा.लि. कोटेश्वर काठमाण्डौले तयार गरेको डिपिआर घरेलु तथा साना उद्योग विकास समिति अ.खा.मार्फत प्राप्त हुन आएको सन्दर्भमा नेपाल सरकारको नीति अनुरुप यस शितगंगा नगरपालिकाको वडा नं. १३ थाप्ले वारीको सार्वजनिक जग्गामा औद्योगिक ग्राम निर्माणको लागि औद्योगिक ग्राम घोषण गरी तयार भएको डिपिआर बमोजिम आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि वजेट विनियोजन हुन सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

आजको बैंठक सर्वसम्मत रुपमा निर्णय गर्दै सम्पन्न भयो ।